# पञ्चदेवल विनायक नगरपालिका, अछाम

# सामुदायिक सिकाइ केन्द्रमा परिचालक पदपूर्ति सम्बन्धी मापदण्ड, २०८१

**नगर कार्यपालिकाबाट स्वीकृत मिति : वि.सं. २०८१/१०/१०**
**स्थानीय राजपत्रमा प्रकाशन मिति : वि.सं. २०८१/१०/१४**

**प्रस्तावना :**

सामुदायिक सिकाइ केन्द्र सञ्चालन तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७८ बमोजिम यस पञ्चदेवल विनायक नगरपालिकाका विभिन्न वडाहरुमा स्थापित सामुदायिक सिकाइ केन्द्रमा रही कार्य सम्पादन गर्ने परिचालक पदमा प्रतिस्पर्धाको माध्यमबाट करार सेवामा पदपूर्ति गर्नुपर्ने भई सो पदपूर्ति प्रक्रियामा पारदर्शिता एवम् विश्वसनीयता कायम गर्नका लागि कार्यविधिगत व्यवस्था गर्न आवश्यक भएकोले यस पञ्चदेवल विनायक नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७९ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी 'सामुदायिक सिकाइ केन्द्रमा परिचालक पदपूर्ति सम्बन्धी मापदण्ड, २०८१' जारी गरिएको छ ।

## परिच्छेद : १

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(१) यस मापदण्डको नाम 'सामुदायिक सिकाइ केन्द्रमा परिचालक पदपूर्ति सम्बन्धी मापदण्ड, २०८१' रहेको छ ।

(२) यो कार्यविधि नगर कार्यपालिकाबाट स्वीकृत भएपछि लागू हुनेछ ।

**२. परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा उल्लेखित,

क) 'ऐन' भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लाई सम्झनुपर्छ ।

ख) 'नगरपालिका' भन्नाले पञ्चदेवल विनायक नगरपालिकालाई सम्झनुपर्छ ।

ग) 'मापदण्ड' भन्नाले पञ्चदेवल विनायक नगरपालिकाको 'सामुदायिक सिकाइ केन्द्रमा परिचालक पदपूर्ति सम्बन्धी मापदण्ड, २०८१' लाई सम्झनुपर्छ ।

घ) 'नियमावली' भन्नाले संघीय वा प्रदेश वा स्थानीय सरकारको नियमावलीलाई सम्झनुपर्छ ।

ङ) 'प्रमुख प्रशासकीय अधिकृत' भन्नाले ऐनको दफा ८४ बमोजिम नेपाल सरकारबाट नियुक्त कर्मचारी सम्झनुपर्छ ।

च) 'कार्यपालिका' भन्नाले नगरपालिकाको कार्यकारी अंगलाई सम्झनुपर्छ ।

छ) 'व्यवस्थापन समिति' भन्नाले सामुदायिक सिकाइ केन्द्रको व्यवस्थापन समिति सम्झनुपर्छ ।

ज) 'परिचालक' भन्नाले साविकमा नियुक्ति लिई कार्यरत रहेका वा यस कार्यविधि बमोजिम नियुक्ति हुने सामुदायिक सिकाइ केन्द्रको महिला समुदाय परिचालक कर्मचारी सम्झनुपर्छ ।

झ) 'समुदाय' भन्नाले स्थानीय तहमा स्थायी बसोवास गरी निरन्तर शिक्षा, सिकाइ तथा समाजको विकासमा क्रियाशील व्यक्तिहरुको समूह सम्झनुपर्छ ।

ञ) 'केन्द्र' भन्नाले यस कार्यविधि बमोजिम स्थापित सामुदायिक सिकाइ केन्द्र सम्झनुपर्छ । सो शब्दले यो कार्यविधि लागु हुनुअघि स्वीकृति पाई सञ्चालनमा रहेका सामुदायिक अध्ययन केन्द्रलाई समेत जनाउँछ ।

ट) 'छनोट परीक्षा' भन्नाले पदपूर्ति समितिले दफा ६ बमोजिम सञ्चालन गरेको परीक्षा सम्झनुपर्छ ।

ठ) 'पदपूर्ति समिति' भन्नाले दफा ३ बमोजिम गठन भएको समिति सम्झनुपर्छ ।

परिच्छेद : २

## पदपूर्ति सम्बन्धी व्यवस्था

### ३. पदपूर्ति समिति गठन :

नगरपालिका भित्रका सामुदायिक सिकाइ केन्द्रमा रहने परिचालक पदको पदपूर्तिका लागि सिफारिस गर्न देहाय बमोजिमको पदपूर्ति समिति गठन गरिनेछ :

| | |
|---|---|
| क) नगरपालिकाको शिक्षा शाखा प्रमुख | : संयोजक |
| ख) नगरपालिकाको शिक्षा शाखा प्रमुखले तोकेको आधारभूत तहको विषय विज्ञ | : सदस्य |
| ग) नगरपालिकाको प्रशासन शाखा प्रमुख | : सदस्य सचिव |

### ४. आवश्यक न्यूनतम योग्यता र अनुभव :

परिचालक पदपूर्तिका लागि देहाय बमोजिमको योग्यता पुगेको नेपाली नागरिक उम्मेदवार हुन सक्नेछ :

क) प्रवीणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण भएको ।

ख) दरखास्त दिने अन्तिम मितिमा कम्तीमा १८ बर्ष पूरा भई ४० बर्ष ननाघेको विवाहित महिला ।

### ५. दरखास्त आव्हान :

१) सामुदायिक सिकाइ केन्द्रमा रिक्त रहेको परिचालक पदको करारमा पदपूर्ति गर्नको लागि नगरपालिकाको कार्यालयले १५ दिनको अवधि दिई अनुसूची १ बमोजिमको सूचना प्रकाशन गर्नेछ । यसरी प्रकाशन भएको सूचना कार्यालयको सूचना पाटी, वेबसाइट, सम्बन्धित वडाको सूचना पाटी र सार्वजनिक स्थानमा टाँस गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

२) उपदफा (१) बमोजिम प्रकाशित सूचना अनुसार उम्मेदवारलाई दरखास्त फाराम उपलब्ध गराउनुपर्नेछ ।

३) उपदफा (२) बमोजिम उपलब्ध गराएको दरखास्त फाराम साथ उम्मेदवारले सूचनामा तोकिए बमोजिम योग्यताका कागजात/प्रमाणपत्रका प्रतिलिपि सहित तोकिएको शूल्क साथ दरखास्त फाराम भरी पेश गर्नुपर्नेछ ।

४) उपदफा (३) बमोजिम रीतपूर्वक प्राप्त हुन आएका आवेदन फाराममा आवश्यक जाँचबुझ गरी योग्यता पुगेका उम्मेदवारको दरखास्त फाराम स्वीकृत गरी उम्मेदवारलाई प्रवेश पत्र उपलब्ध गराउनु पर्नेछ ।

**६. छनोट परीक्षा :**

(१) उम्मेदवारहरु मध्येबाट परिचालक छनोट गर्न ७५ पूर्णाङ्कको लिखित परीक्षा र २५ पूर्णाङ्कको अन्तर्वार्ता परीक्षा हुनेछ ।

(२) उपदफा (१) बमोजिमको लिखित परीक्षाको पाठ्यक्रम अनुसूची २ बमोजिम हुनेछ ।

(३) परीक्षामा सहभागी उम्मेदवारले उत्तीर्ण हुनका लागि प्रत्येक परीक्षामा कम्तीमा चालिस प्रतिशत अंक प्राप्त गर्नुपर्नेछ ।

**७. नतिजा प्रकाशन :**

(१) दफा ६ बमोजिम छनोट परीक्षामा सहभागी उम्मेदवारले प्राप्त गरेको अंकको आधारमा पदपूर्ति समितिले उत्तीर्ण उम्मेदवारहरुको योग्यताक्रमको सूची निर्धारण गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम योग्यताक्रम निर्धारण गर्दा यदि उम्मेदवारले बराबर अंक प्राप्त गरेको अवस्थामा न्यूनतम शैक्षिक योग्यताको लब्धांकपत्रमा उल्लिखित प्रतिशतलाई आधार मानी योग्यताक्रम निर्धारण गर्नुपर्नेछ ।

(३) उपदफा (२) को आधारमा योग्यताक्रम निर्धारण गर्दा लब्धांक प्रतिशत समेत बराबर रहेको अवस्थामा क्रमशः माथिल्लो तहको शैक्षिक योग्यता र उमेरको ज्येष्ठतालाई आधार मानी योग्यताक्रम निर्धारण गर्नुपर्नेछ ।

(४) उपदफा (१), (२) र (३) बमोजिम कायम हुने योग्यताक्रमको सूचीबाट सबैभन्दा बढी अंक प्राप्त गर्ने उम्मेदवारलाई छनोट गरी दोस्रो योग्यताक्रमको उम्मेदवारलाई वैकल्पिक उम्मेदवारको रुपमा राखी सोको सूचना प्रकाशन गर्नुपर्नेछ ।

**८. करार सम्झौता गरी कामकाज गर्न खटाउने :**

(१) दफा ७ बमोजिम छनोट भएको उम्मेदवारलाई नगरपालिकाको कार्यालयले सेवा, शर्त र सुविधा समेत खुलाई करार सम्झौता गरी सेवा करार पत्रसहित सामुदायिक सिकाइ केन्द्रमा कामकाज गर्ने गरी खटाउनु पर्नेछ ।

**९. वैकल्पिक उम्मेदवारलाई खटाउने :**

(१) दफा ७ बमोजिम छनोट भएको उम्मेदवारलाई अन्तिम नतिजा प्रकाशन भएको मितिले सात दिनभित्र करार सम्झौता गर्न आउनको लागि लिखित सूचना दिनुपर्नेछ । यसरी सूचना दिँदा तोकिएको समयावधिभित्र करार सम्झौता गर्न नआएमा निजको सट्टामा वैकल्पिक सूचीको उम्मेदवारसँग करार सम्झौता गरी कामकाजमा खटाउनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम सेवा करार गरी कामकाज गर्न खटाइएको कर्मचारी करार सम्झौता भएको मितिले सात दिनभित्र तोकिएको केन्द्रमा हाजिर भइसक्नुपर्नेछ ।

## परिच्छेद : ३
## सेवा, सुविधा र कार्य जिम्मेवारी सम्बन्धी व्यवस्था

**१०. कार्यविवरण तथा जिम्मेवारी :**

परिचालकको कार्यविवरण र जिम्मेवारी नेपाल सरकारको निर्धारित मापदण्ड बमोजिम हुनेछ ।

**११. करार अवधि :**

परिचालकको करार अवधि सामान्यतः एक बर्षको हुनेछ र कार्यसम्पादनको आधारमा नगरपालिकाको कार्यालयबाट प्रत्येक बर्ष नवीकरण गर्न सकिनेछ ।

**१२. तलब भत्ता :**

(१) परिचालकको तलब भत्ता नेपाल सरकारले तोकेबमोजिम हुनेछ ।

(२) थप पारिश्रमिक तथा सेवा सुविधा स्थानीय तहले निर्णय गरेबमोजिम हुनेछ ।

**१३. बिदा :**

(१) परिचालकले देहाय बमोजिमका बिदाहरु पाउनेछन् :

- क) घर बिदा : रुजु हाजिरीको आधारमा छब्बीस दिन काम गरेवापत एक दिन ।
- ख) बिरामी बिदा : रुजु हाजिरीको आधारमा छब्बीस दिन काम गरेवापत एक दिन ।
- ग) प्रसूति बिदा : सुत्केरी हुनुभन्दा अघि र पछि गरेर जम्मा अन्ठानब्बे दिन ।
- घ) किरिया बिदा : आफ्नो रीत र परम्परा अनुसार बढीमा पन्ध्र दिन ।

(२) उपदफा (१) बमोजिमका बिदाहरु सञ्चित गरेवापत कुनै सुविधा पाइने छैन ।

(३) प्रसूति बिदा पाउन कम्तीमा ६ महिना सेवा गरेको हुनु पर्नेछ ।

(४) एक आर्थिक बर्षको बिदा सोही आर्थिक बर्षभित्र उपभोग गरिसक्नु पर्नेछ ।

**१४. बिदाको स्वीकृति :** दफा १३ बमोजिमको बिदाको स्वीकृति सम्बन्धित वडाको वडा सचिवले गर्नेछ ।

## परिच्छेद : ४
## विविध

**१५. कार्यसम्पादन मूल्यांकन** : परिचालकको कार्यसम्पादन मूल्यांकन, सेवा निरन्तरता वा सेवाबाट हटाउने सम्बन्धित व्यवस्था नगरपालिकाको प्रावधान बमोजिम हुनेछ ।

**१६. बाधा अड्काउ फुकाउ** : यस मापदण्डमा उल्लिखित विषयवस्तुका सम्बन्धमा कुनै द्विविधा उत्पन्न भएमा वा कार्यान्वयनमा बाधा अड्काउ परेमा नगरपालिकाले व्याख्या एवम् बाधा अड्काउ फुकाउने निर्णय गर्न सक्नेछ ।

अनुसूची १
दफा ५ (१) सँग सम्बन्धित

पञ्चदेवल विनायक नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
विनायक, अछाम

मिति :………………

**कर्मचारी पदपूर्ति सम्बन्धी सूचना**

प्रस्तुत विषयमा यस नगरपालिकाको वडा नं ……… अन्तर्गत सञ्चालित ……………सामुदायिक सिकाइ केन्द्रमा १ (एक) जना **परिचालक** सेवा करारमा पदपूर्ति गर्नुपर्ने भएकोले तोकिएको योग्यता पुगेका व्यक्तिले यस सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र यस कार्यालयमा दरखास्त पेश गर्नु हुन सूचित गरिन्छ ।

**आवश्यक न्यूनतम योग्यता र अनुभव :**

क) प्रवीणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण भएको ।
ख) दरखास्त दिने अन्तिम मितिमा कम्तीमा १८ बर्ष पूरा भई ४० बर्ष ननाघेको विवाहित महिला ।

दरखास्त दस्तुर : रु ५००/-
नोट : दरखास्त फाराम र लिखित परीक्षाको पाठ्यक्रम यस कार्यालयबाट उपलब्ध हुनेछ ।

(………………………)
प्रमुख प्रशासकीय अधिकृत

अनुसूची २
दफा ५ (२) सँग सम्बन्धित

पञ्चदेवल विनायक नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
विनायक, अछाम

# परिचालक पदको पाठ्यक्रम

(जम्मा पूर्णाङ्क : १००     उत्तिर्णाङ्क : ३५)

१. **लिखित परीक्षा** : (पूर्णाङ्क ७५)

क) वस्तुगत बहुवैकल्पिक प्रश्न (२०×२=४०)

- नेपालको संविधान (भाग १ देखि ३ सम्म)
- शिक्षा ऐन, शिक्षा नियमावली, स्थानीय सरकार सञ्चालन ऐन, सामुदायिक सिकाइ केन्द्र सञ्चालन मापदण्ड
- नेपालको इतिहास, भूगोल, संस्कृति, धर्म, रितिरिवाज, कला, साहित्य
- स्थानीय विषयवस्तु (जनसांख्यिक, भौगोलिक, राजनीतिक, सामाजिक, आर्थिक क्षेत्र)
- विविध

ख) विषयगत प्रश्न

अ) छोटो उत्तरात्मक प्रश्नहरु (५×५=२५)

आ) लामो उत्तरात्मक प्रश्न (१×१०=१०)

- सामुदायिक परिचालन
- समूह, संस्थाको अवधारणा
- बचत तथा ऋण परिचालन
- सामुदायिक पुस्तकालय व्यवस्थापन
- औपचारिक तथा अनौपचारिक शिक्षा
- पाठ्यक्रम तथा मनोविज्ञान
- अभिलेख व्यवस्थापन
- सूचना तथा सञ्चार

२. **अन्तर्वार्ता परीक्षा** : (पूर्णाङ्क २५)